# प्राथमिकता तथा कार्ययोजना


## प्रदीप पौडेल

### मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय


आइतबार, श्रावण २७, २०८१

# संघीय प्रणाली अनुरुप स्वास्थ्यको तहगत अधिकार कार्यान्वयन र समन्वय

- संघ, प्रदेश तथा स्थानीय तह समन्वय तथा अन्तर-सम्बन्ध ऐन, २०७७ बमोजिमको विषयगत समितिको बैठक तत्काल राखेर तहगत समस्याको पहिचान र आगामी कार्यदिशाको पहिचान गरिनेछ। यो बैठकलाई नियमित गरिनेछ।

- नेपाल सरकार कार्यविस्तृतीकरण प्रतिवेदन पुनरावलोकनका क्रममा प्राप्त सुझावलाई आधार मानेर तहगत अधिकारका सन्दर्भमा तीनै तहबीच स्पष्ट बुझाई कायम गरी कार्यान्वयनमा सहजता ल्याइनेछ, दोहोरोपन हटाइनेछ।

- जनस्वास्थ्य सेवा ऐन बमोजिमको राष्ट्रिय जनस्वास्थ्य समितिलाई क्रियाशील बनाईनेछ।

- जनस्वास्थ्य क्षेत्रका विज्ञहरु सम्मिलित विभिन्न समितिहरु गठन गरी सरोकारवालासंग छलफल गरी समितिको सुझाव कार्यान्वयन गरिनेछ।

- स्वास्थ्यसँग सम्बन्धित कानून, संरचना, जनशक्तिको समायोजन र व्यवस्थापन तथा प्रक्षेपण, पूर्वाधारको विकास, आधारभूत स्वास्थ्य सेवा लगायतका स्वास्थ्य सेवाको तहगत जिम्मेवारी, समन्वय र सम्बन्धमा बुझाइमा एकरुपता ल्याउन सरोकारवालासँग आवश्यक छलफल र अध्ययन गरी त्यस अनुरुप संघीय संरचनामा स्वास्थ्य सेवाको विकास र विस्तार गरिनेछ ।

# एकीकृत स्वास्थ्य प्रणाली

- सबै तहका स्वस्थ्य संस्थाहरूको **सेवाका आधारमा** स्वास्थ्य सेवा संरचनाको बर्गिकरण गरी स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा पूर्वधार, जनशक्ति र उपकरणको व्यवस्थापन गर्न **एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना (Integrated Health Infrastructure Development Project)** लागू गरिनेछ।

- स्वास्थ्य जनशक्तिको हालको यथार्थ अबस्था विष्लेषण गरी **Production, Distribution, Development र Retention** को अवधारणामा केन्द्रित रही आवश्यकता र कार्य दक्षता अनुरुप विद्यमान जनशक्तिको समुचित व्यवस्थापन र पुनर्वितरण गरिनेछ। यसका लागि आवश्यकता अनुसार शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोग र अन्य सरोकारवालासँग समन्वय गरिनेछ।

- समायोजनमा समस्या परेका स्वास्थ्यकर्मीको पदस्थापन गर्ने व्यवस्था गरिनेछ। कार्यदक्षता अनुसार पदस्थापन हुन नसकेका विशेषज्ञ चिकित्सकको विशेषज्ञ सेवा अनुसारका अस्पतालमा व्यवस्थापन गरिनेछ।

- एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुसार सेवाका आधारमा स्वास्थ्य संस्थामा जनशक्ति व्यवस्थापनका सन्दर्भमा विगतमा भएका अध्ययनको पुनरावलोकन गरी आवश्यक जनशक्तिको व्यबस्थापन, उत्पादन र वितरणका लागि साझेदारीमा कार्य गरिनेछ।

- स्वास्थ्य जनशक्तिको व्यवस्थापनका लागि एकीकृत स्वास्थ्य सेवा ऐनको तर्जुमा गरिनेछ।

# एकीकृत स्वास्थ्य प्रणाली

- जनशक्तिको नियमित पुनरावलोकन गर्ने र खाली रहेका दरबन्दीमा पदपुर्तीको व्यवस्था मिलाइनेछ।
- चिकित्सा शिक्षा आयोग, शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयले समन्वय गरी अनिवार्य (छात्रवृत्ति) करार सेवा अवधिलाई व्यवस्थित गरिनेछ।
- नेपाल बाहिर विभिन्न देशमा विज्ञता र अनुभव हासिल गरिरहेका स्वास्थ्य जनशक्तिको सीप र दक्षतालाई नेपालको स्वास्थ्य सेवा प्रणालीसँग आवद्ध गर्न आवश्यक प्रबन्ध गरिनेछ।
- सवै प्रकारका स्वास्थ्य संस्थामा सेवाका आधारमा न्युनतम सेवा मापदण्ड निर्धारण र पुनरावलोकन (वर्षैभरि निरन्तर रुपमा उपलब्ध सेवाहरु - २४ घन्टा इमर्जेन्सी, OPD, अन्तरंग, भिडियो X-Ray, Pharmacy, ल्याबको सेवा, सुत्केरी डेलिभरी आदि र तीनका गुणस्तरका आधारमा वर्गीकरण) गर्ने कार्य सम्पन्न गरी सो को कार्यान्वयन र प्रभावकारी सुपरिवेक्षणको व्यवस्था गरिनेछ।
- चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कार्यदक्षताको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउन र अन्य सुविधाको पुनरावलोकन गरी सोको कार्यान्वयनका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिनेछ।
- स्थानीय तहमा MDGP/MBBS चिकित्सक सहितको सेवा प्रदान गर्न तथा स्वास्थ्य जनशक्तिको उत्पादन र व्यवस्थापनका लागि स्थानीय तहसंग साझेदारी र चिकित्सा शिक्षा आयोगसँग समन्वय गरिनेछ ।

# एकीकृत स्वास्थ्य प्रणाली

- १०० बेड भन्दा माथिका सरकारी अस्पतालहरुमा नर्सिङ र ३०० बेडभन्दा माथिका सरकारी अस्पतालहरुमा स्नातक र स्नातकोत्तर तहका विषयहरु अध्ययन अध्यापन गराउने सन्दर्भमा विगतमा भएका अध्ययनलाई पुनरावलोकन गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगसँग समन्वय गरि कार्यान्वय गरिनेछ।

- बिगतमा निर्माण थालनी भइ निर्माणको क्रममा रहेका एवं श्रोतको सुनिश्चितता नभएर अधुरा रहेका स्वास्थ्य संस्थाको क्रमिक रुपमा स्रोत व्यबस्थापन गरी स्वास्थ्य पूर्वाधार मापदण्ड बमोजिम भौतिक पूर्वाधारहरुको निर्माणलाई अघि वढाइनेछ।

- निर्माण सम्पन्न भइसकेका स्वास्थ्य संस्थाहरुमा प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा आवश्यक जनशक्ति एवं उपकरणको व्यवस्था र पुनर्वितरण गरी सेवा सुचारु र संचालनमा रहेका स्वास्थ्य संस्थाहरूको सुदृढीकरण गरिनेछ।

- संघीय अस्पतालको सेवा बिस्तार एवं अस्पतालहरुमा शल्यक्रिया क्षमता विस्तार गरी शल्य चिकित्सा सेवामा हुने लामो क्यू घटाउनको लागि संघीय अस्पतालहरुको अपरेसन थिएटरमा पूर्वाधार थप गरिनेछ।

# स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कार्यक्रम

- बीमाको हालको दायरा कम्तिमा ५ लाख बनाउने गरी फराकिलो बनाउन, सेवालाई गुणस्तरीय र सेवा प्रवाह प्रक्रिया सहज बनाउन, आवद्धतालाई द्रुत गतिमा बढाउन स्वास्थ्य बीमा ऐन बमोजिम औपचारिक र अनौपचारिक क्षेत्रलाई समेत अनिवार्य स्वास्थ्य बिमामा समेट्न, आम्दानीको आधारमा प्रिमियम र सह भुक्तानीको प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन स्वास्थ्य बीमाको नीतिगत र कानूनी व्यवस्थामा आवश्यक पुनरावलोकन गरिनेछ।
- नेपाल सरकारले भिन्न भिन्न कार्यक्रम मार्फत निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा दिइरहेकोमा सबै सेवा र सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई बीमाको छाताभित्र राख्न आवश्यक प्रवन्ध गरिनेछ।
- योगदानमा आधारित सामाजिक सुरक्षाका कार्यक्रम र अन्य सामाजिक सुरक्षा एवं बिमाका अन्य कार्यक्रमलाई स्वास्थ्य बीमासंग जोड्न आवश्यक पहल गरिनेछ।
- बीमाको प्रारम्भिक प्रवेश विन्दु र प्रेषण प्रणालीको विद्यमान झण्झटिलो प्रक्रियालाई पुनरावलोकन गरी सहज बनाइनेछ। विमा आवद्धता, नविकरण, प्रारम्भिक प्रवेश बिन्दु र प्रेषण लगायतका सन्दर्भमा स्थानीय तह प्रदेश सरकारसंग समन्वय गरिनेछ।
- सरकारी तथा गैर सरकारी संगठित संस्थाहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको हकमा सम्वन्धित संस्थाको र अन्य नागरिकको हकमा तत्काल बसोबास गरिहेको वडाको सिफारिसको आधारमा स्वास्थ्य बीमा कार्यक्रमका आवद्द नागरिकहरुलाई तत्काल बसोबास गरिहेको अस्थायी ठेगानामै स्वास्थ्य बिमाको सेवा उपलब्ध गराउने व्यवस्था गराइने छ।

# स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कार्यक्रम

- बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) परिमार्जन गरी Real Time दाबी प्रविष्टिका लागि सबै सेवा प्रदायकको EMR प्रणाली लागु गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमका आवद्ध सरकारी एवं गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बीमा तथा गैर बीमाका बिरामीको हकमा लाग्ने उपचार तथा निदान शुल्कमा एकरुपता ल्याइनेछ।
- स्वास्थ्य बीमा कार्यक्रममा आवद्द नागिरकहरुको अनावश्यक जाँच, निदान र उपचारलाई निरुत्साहित गर्न स्वास्थ्य बीमा कार्यक्रममा सह – भुक्तानीको व्यबस्थालाई पुनरावलोकन गरिनेछ।
- श्रोतको सुनिश्चितताः हालसम्मको बीमा, विपन्न उपचार सेवा लगायतको भुक्तानीका लागि आवश्यक पर्ने स्रोत सुनिश्चिता गरिनेछ। बीमा प्रिमियम बापत संकलित रकम र सरकारबाट प्राप्त अनुदान अपर्याप्त रहेको र दीर्घकालीन रुपमा थप श्रोत आवश्यक पर्ने भएकाले निम्न लिखित नीतिगत व्यवस्था मार्फत श्रोतको दायरा बढाउन देहायका उपायका लागि पहलकदमी लिइनेछ।
    - हाल बिद्यमान स्वास्थ्य करकोषबाट थप रकम स्वास्थ्य बीमामा उपलव्ध गराउने व्यवस्था गर्ने।
    - निश्चित मात्रा भन्दा बढी चिनीजन्य पदार्थ प्रयोग हुने खाद्य तथा पेय पदार्थमा अनिवार्य **'Sugar Tax'** लगाउने र संकलित रकम स्वास्थ्य बीमामा उपलव्ध गराउने।
    - राज्यका विभिन्न संगठीत संस्थाका उपचार कोषलाई स्वास्थ्य बिमा कोषसँग आवद्ध गर्दै लैजाने।
    - आकस्मिक बाहेक निःशुल्क उपचारका सवै कार्यक्रमलाई बिमामा आवद्ध गरी निःशुल्क उपचारका लागि स्वास्थ्य संस्थालाई उपलब्ध गराउने अनुदान बिमामार्फत उपलब्ध गराउने।

# नीतिगत र कानूनी सुधार र पुनरावलोकन

- औषधि ऐनको प्रतिस्थापन विधेयक तर्जुमा गरिनेछ।
- स्वास्थ्य सेवाका जनशक्ति व्यवस्थापनका सन्दर्भमा एकीकृत स्वास्थ्य सेवा ऐन तर्जुमा गरिनेछ।
- संघ अन्तर्गतका अस्पताल विकास समितिको काम-कारवाहिमा एकरुपता ल्याउन र व्यबस्थित गर्नका लागि आवश्यक कानुनी प्रबन्ध गरिनेछ।
- स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धि छाता ऐन तर्जुमा गरिनेछ।
- स्वास्थ्य बीमा नियमावली संशोधन गरी स्वास्थ्य बीमा ऐनमा भएका व्यवस्था कार्यान्वयन गरिनेछ।
- स्वास्थ्य क्षेत्रको खरिद प्रणालीलाई प्रभावकारी बनाउन सार्वजनिक खरिद नियमावलीमा पुनरावलोकन गर्न आवश्यक पहलकदमी लिइ स्वास्थ्यजन्य सामाग्री खरिद सम्बन्धि मापदण्ड बनाइनेछ।

## नीतिगत र कानूनी सुधार र पुनरावलोकन

- स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐनमा संशोधन् गरी चिकित्सक तथा स्वास्थ्यकर्मी माथि हातपात भएमा तत्काल गैरजमानति गिरफ्तार(जेल विदआउट वेल) गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ।
- गुणस्तर प्राधिकरण ऐन तर्जुमा गरिनेछ।
- संक्रामक रोग ऐन, २०२० लाई संशोधन गरिनेछ।
- तीनै तहका सरकारसँग समन्वय हुने गरी आपतकालीन स्वास्थ्य सेवा व्यवस्थानका लागि कार्यविधि र संरचना बनाइनेछ।
- मुटु सल्य चिकित्सकको चरम अभाव भइरहेको एवं विद्यमान पाठ्यक्रममा नयाँ कुनै पनि चिकित्सक अध्ययन गर्न इच्छुक नभएको अबस्थालाई मध्येनजर गर्दै शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई मुटु सम्बन्धी बिशेषज्ञ चिकित्सक उत्पादन गर्न आवश्यक अध्यापन गराउनका लागि विकास गरिनेछ।
- सूर्तिजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ परिमार्जन गरिनेछ।
- स्वास्थ्य प्रवर्द्धन तथा संचार रणनीति तयार गरिनेछ।

# निरोगी नेपाल : 'आगामी पुस्ता निरोगी पुस्ता'

- आधारभूत स्वास्थ्य केन्द्र/आधारभूत अस्पतालबाट स्वास्थ्य प्रवर्द्धनका कार्यहरु नागरिक आरोग्य कार्यक्रम (योग, मेडिटेशन, स्वस्थ जीवनशैलीका कार्यक्रम) सँग एकीकृत गरी स्थानीय सरकारसँगको समन्वयमा नागरिक आरोग्य अभियान संचालन गरिनेछ। आधारभूत अस्पतालहरुबाट उपचारात्मक सेवाका साथै प्रतिकारात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक सेवा प्रदान गर्रिनेछ।

- जनस्वास्थ्यका विषयहरु, धुम्रपान तथा मद्यपानलाई निरुत्साहित गर्ने विषयलाई विद्यालयका पाठ्यक्रममा अनिवार्य रुपमा संलग्न गराउनका लागि पाठ्यक्रम विकास केन्द्र र स्थानीय तहसँग समन्वय गरिनेछ। यसका लागि विषयवस्तुको पहिचान स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट गरिनेछ।

- धुम्रपान तथा सूर्तीजन्य पदार्थको उपभोगबाट हुने रोगको रोकथाम, नियन्त्रण निदानका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

- मन्त्रालयमा नसर्ने रोग र मानसिक स्वास्थ्य हेर्ने छुट्टै स्थापना गरिनेछ।

- मानसिक स्वास्थ्यको बढ्दो प्रवृत्तिलाई न्युनीकरण गर्नका लागि प्रवर्द्धन कार्यक्रम संचालन/ मानसिक स्वास्थ्य अनुसन्धानात्मक कार्यक्रम/टेर्ली मानसिक स्वास्थ्य सेवालाई व्यापक बनाइनेछ। प्रदेश र स्थानीय तहसँगको समन्वयमा मनोपरामर्श सेवालाई विस्तार गरिनेछ।

# निरोगी नेपाल : 'आगामी पुस्ता निरोगी पुस्ता'

- किशोर किशोरीमैत्री मानसिक स्वास्थ्य सेवा कार्यक्रमलाई विद्यालय नर्स कार्यक्रममार्फत प्रभावकारी बनाउन सामुदायिक र संस्थागत विद्यालयमा विस्तारका लागि आवश्यक समन्वय गरिनेछ।

- लागू पदार्थ दुर्व्यसनको बिरुद्ध स्थानीय तहमार्फत जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

- स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सर रोगको Screening, निदान, उपचार तथा जनचेतनामूलक कार्यक्रम संचालनको मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

- निरोगी नेपालको अवधारणालाई मूर्त रुप दिन  स्थानीय तहले गर्नुपर्ने कामको लागि मापदण्ड स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बनाइनेछ।

- नवजात शिशुको **Screening** कार्यक्रमलाई परोपकार प्रसुती तथा स्त्री रोग अस्पतालबाट शुरुवात गरी सबै केन्द्रीय अस्पताल र प्रदेश सरकारसँगको समन्वयमा प्रदेश अस्पतालसम्म विस्तार गरिनेछ। FETAL SCAN को अनिवार्य व्यवस्था गरिने छ।

# निरोगी नेपाल : 'आगामी पुस्ता निरोगी पुस्ता'

- सबै खालका नसर्ने रोगको Screening लाई व्यापक बनाइनेछ। प्रदेश, स्थानीय तह र विभिन्न निकायहरुसँगको समन्वय र सहकार्यमा हाललाई ४० वर्ष माथिका सबै नागरिकको नसर्ने रोगहरुको Screening गरिनेछ। यसको दायरा क्रमश: बढाउँदै लगिनेछ।

- देशमा बढ्दै गएको मृगौला रोग र यसले उत्पन्न गरेको समस्या, यसमा सरकारको तर्फबाट हुने गरेको ठूलो खर्च तथा नागरिकको खर्चलाई समेत कटौती गर्नका लागि मृगौला रोगको समुदायस्तरमा नै Screening गरी यसको अवस्था थाहा पाई समयमै उपचार थाल्न नागरिकलाई प्रेरित गर्नका लागि मृगौला Screening अभियान संचालन गरिनेछ।

- क्यान्सरको प्राथमिक रोकथाम, प्रारम्भिक पहिचान, निदान, उपचार क्षमता र प्रशामक सेवाको विकास तथा समतामूलक विकासका लागि लागत प्रभावकारी क्यान्सर नियन्त्रण कार्यलाई कार्यान्वयन गरिनेछ।

- सडक दुर्घटना न्युनीकरणका लागि सरोकारवाला निकायहरुसँग समन्वयात्मक रुपमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। लामो तथा मध्यम दुरीका सार्वजनिक सवारी चालक एवं ट्राफिक प्रहरीलाई सरकारी स्वास्थ्य केन्द्रमार्फत आवधिक Basic Life Support को तालिम अनिवार्य गरिनेछ।

# आयुर्वेद र बैकल्पिक चिकित्सा

- राष्ट्रिय आयुर्वेद तथा वैकल्पिक चिकित्सा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
- बुढानिलकण्ठ नगरपालिकामा निर्माणाधिन 'राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग केन्द्र' को निर्माण सम्पन्न गरी यथासिघ्र सञ्चालनमा ल्याइनेछ ।
- आयुर्वेदिक औषधि उत्पादनमा आत्मनिर्भर हुन सिंहदरवार बैद्यखानालाई पुनरसंरचना गरिनेछ। त्यहाँ उत्पादित औषधिहरु आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य प्रवर्द्धनात्मक अस्पतालमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ।
- राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई जनशक्तिको समुचित व्यवस्थापन गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- देशमा सञ्चालनमा रहेका सबै आयुर्वेद अस्पतालहरुको संरक्षण गर्दै संरचनागत सुधार गरी थप प्रभावकारी बनाइनेछ।
- प्रत्येक प्रदेशमा निर्माण हुने प्राकृतिक तथा अन्य वैकल्पिक चिकित्सा विधा सहितको १०० शैयाका आयुर्वेद अस्पतालको निर्माण कार्यलाई तीव्रता दिइनेछ।

# उपचारात्मक सेवा विस्तार र विकास

- देशको राजधानीमा सुविधासम्पन्न स्नायु रोग उपचार केन्द्र **(Neuro Center)** को यथासिघ्र स्थापनाका लागि कार्य प्रारम्भ गरिने छ।
- शहीद गंगालाल राष्ट्रीय हृदय् केन्द्रको संरचनाको प्रारुपलाई परम्परागत शैलीमा रुपान्तरण गर्दै यथासिघ्र गुरुयोजना तयार गर्री ५०० शैयाको अस्पतालमा बिस्तार गरिनेछ।
- बागमती बाहेकका अन्य ६ प्रदेशमा शहीद गंगालाल हृदय केन्द्रको समन्वयमा मुटु रोग उपचारको सेवा विस्तार गरिने छ।
- कान्ति बाल अस्पतालको पूर्वाधार थप गरिनेछ। यो अस्पतालको ICU सेवा पूर्ण क्षमतामा यथाशीघ्र संचालन गरिनेछ।
- सातै प्रदेशमा क्यान्सर रोग उपचार सेवा विस्तार गरिनेछ।
- सातवटै प्रदेशका अस्पतालमा **NICU - HDU** सहितको डेडिकेटेड प्रसुती तथा बाल स्वास्थ्य केन्द्र र जिल्ला तहका अस्पतालमा **SNCU(Special Newborn Care Unit)** सहितको प्रसुती इकाई संचालनका लागि आवश्यक पूर्वाधार र जनशक्तिको क्षमता विकास गरिनेछ।
- शुल्क तिर्न नसक्ने बिरामीहरुको मुटुको ठूलो धमनीको उपचार र गरिव तथा असहायलाई **Primary Angioplasty** सेवा शहीद गंगालाल राष्ट्रीय हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर मार्फत निःशुल्क प्रदान गरिनेछ।

# उपचारात्मक सेवा विस्तार र विकास

- सरुवा रोगको उपचारका लागि टेकुस्थित सरुवा रोग अस्पताललाई मुख्य सरुवा रोग अस्पताल (हव) बनाइनेछ र प्रदेशले स्थापना गर्ने/संचालन गर्ने अन्य सरुवा रोग अस्पताललाई टेकु अस्पतालसँग कार्यगत सम्बन्ध कायम गरिनेछ।
- सातै प्रदेशमा मानव अंग प्रत्यारोपणको सेवा विस्तार गरिनेछ ।
- राज्यकोषबाट विदेशमा उपचार खर्च नियन्त्रण गर्न जनस्वास्थ्य सेवा ऐनको व्यबस्था कार्यान्वयन गर्न कडाइका साथ पहलकदमी लिइनेछ।
- कैलालीको गेटा अस्पतालको अन्तरंग सेवा तत्काल संचालनमा ल्याइनेछ।
- भक्तपुरमा निर्माणाधिन छातीरोग अस्पतालको यथासिघ्र निर्माण सम्पन्न गरी उचित जनशक्ति र उपकरणको व्यवस्था गरी सञ्चालनमा ल्याइनेछ।
- तनहुँस्थित जी पी कोईराला राष्ट्रिय स्वाश प्रश्वास केन्द्रमा तीन सय बेडको स्वाश प्रश्वास अस्पताल भवन निर्माण गरिनेछ ।
- कुनै पनि स्वास्थ्य सेवा केन्द्रको आकस्मिक कक्षमा विना कुनै सोधखोज अनिवार्य जीवन रक्षाको उपचार तत्काल शुरु गर्नु पर्ने र उक्त स्वास्थ्य सेवा केन्द्रमा उपचार संभव नरहेमा निकटतम स्वास्थ्य सेवा केन्द्रमा उपचार, शैया, ICU र आवश्यक सेवाको सुनिश्चित गरी सुरक्षित तवरले रेफर गर्नु पर्ने दायित्व सम्वन्धित स्वास्थ्य सेवा केन्द्रको हुने अनिवार्य व्यवस्था मिलाईनेछ।

# <u>औषधी, गुणस्तर र नियमन</u>

- राष्ट्रिय गुणस्तर मापदण्ड लागू गरी औषधी व्यवस्था बिभागको क्षमता सुदृढिकरण गर्दै उपचार तथा निदानमा प्रयोग हुने सम्पूर्ण **Medical Disposables, Implant** तथा उपकरणहरुको आयात तथा उत्पादनमा गुणस्तर सुनिश्चित गरिनेछ।

- औषधिको मूल्य समायोजन गरिनेछ।

- **Life Saving Drug** लगायतका औषधि नेपाल सरकारले नै सिधै स्वदेशी वा विदेशी उत्पादक कम्पनी/ देशसंग खरिद गरी उचित मूल्यमा अस्पताल फार्मेसीमार्फत बिक्री वितरणका लागि विगतमा भएका अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक संस्थागत र कानुनी प्रबन्ध गरिनेछ।

- नेपाली औषधी उत्पादनलाई प्रोत्साहन गर्ने सम्बन्धमा विगतमा भएका अध्ययनलाई समेत पुनरावलोकन गरी कार्यान्वयनका लागि आबश्यक प्रबन्ध गरिनेछ।

- औषधी व्यवस्था विभाग अन्तर्गतका निकाय र प्रदेश कार्यालयहरु र प्रयोगशालाको संरचना पूर्वाधार र जनशक्तिको विस्तार गरी औषधी र गुणस्तर नियमनलाई व्यबस्थित र प्रभावकारी बनाईनेछ ।

- नेपाल औषधी लिमिटेडलाई व्यवस्थित गर्न र औषधी उत्पादनका लागि आवश्यक स्रोतको व्यवस्थाका लागि पहल गरिनेछ।

# वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको स्वास्थ्य

- **वैदेशिक रोजगारीमा जाने र गएका नेपाली नागरिकको मृत्युदर घटाउन** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँगको सहकार्यमा वैदेशिक रोजगारीमा जाने नागरिकको स्वास्थ्य परीक्षण (**Pre Departure Health Check up**) लाई प्रभावकारी बनाइनेछ।

- प्रस्थान पूर्वको अभिमूखीकरण तालिम (Pre Departure Orientation) मा उल्लिखित स्वास्थ्यका विषयको पुनरावलोकन गरिनेछ।

- वैदेशिक रोजगारीका क्रममा हुने अधिक दुर्घटना र मृत्युको कारण पहिचान गरी सरोकारवाला निकायहरुसँगको सहकार्यमा सोको न्युनीकरण रणनीति बनाई कार्यान्वर्यन गरिनेछ।

- कार्यस्थलमा नियमित स्वास्थ्य परीक्षणलाई नेपाली दुतावास, गन्तव्य देशमा रहेका नेपाली चिकित्सक र गैर आवासीय नेपालीसँगको सहकार्यमा व्यवस्थित गरिनेछ।

# साझेदारी

- नेपालको स्वास्थ्य क्षेत्रको समग्र सुधारका लागि नेपालमा क्रियाशील विकास साझेदारहरु (बाह्य र आन्तरिक साझेदार) सँगको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।
- नेपाल सरकार स्वयंले कार्यान्वयन गर्न सक्ने क्षेत्रहरूमा कार्यक्रममा दोहोरोपन हुन नदिन सरकारले आफै कार्यान्वयन गर्ने नीति अबलम्बन गरिनेछ र सो अनुरुप विद्यमान नीतिमा पुनरावलोकन गरिनेछ।
- संविधान बमोजिम संघीय संरचनामा स्वास्थ्य सेवा प्रवाहको मूल मर्मलाई ध्यान दिई सो अनुरुप स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्न नीतिगत, कानूनी र कार्यक्रमगत रुपम प्रदेश र स्थानीय सरकारसंग सहकार्य र समन्वय गरिनेछ।
- आँखा उपचार, अटिजम, वंशाणुगत रक्तजन्य रोगहरु (सिकलसेल एनिमिया, थालेसिमिया, लुपस रोग आदि) मानसिक स्वास्थ्य लगायतका क्षेत्रमा क्रियाशील संस्थासंग साझेदारीमा सेवा प्रदान गरिनेछ।
- स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका समुह, समुदाय र दुर्गम क्षेत्रमा सेवा पुऱ्याउन, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा प्रतिष्ठान, मेडिकल कलेज र विशिष्टिकृत अस्पताल लगायतसंग साझेदारी र समन्वय गरिनेछ।

# पोषण

- स्थानीय तह्संगको समन्वयमा ५ बर्ष मुनिका बालकालिकाहरु, किशोरी तथा गर्भवती र सुत्केरी आमाहरुको पूर्ण पोषणको लेखाजोखा गरी उपलब्ध स्वास्थ्य सेवामा समावेश गराईनेछ।

- पुर्ण पोषणको लेखाजोखाबाट पत्ता लागेका कुपोषितहरुलाई पूर्ण निको नहुन्जेल स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष अनुगमनमा राखिनेछ, जसका लागि स्थानिय तहलाई प्रोत्साहन गरिनेछ।

- स्थानीय तहको सहकार्यमा गर्भवती महिलाले नियमित स्वास्थ्य परिक्षण गर्दा गर्भवती पोषण प्याकेजको व्यवस्था गरिनेछ।

- प्रादेशिक र स्थानीय तहसँगको समन्वयमा बहुक्षेत्रीय पोषण योजना अनुरुप समन्वयलाई प्राथमिकता दिईनेछ।

# पोषण

- स्थानीय तहमा रहेका पोषण सम्बन्धि असल अभ्यास र स्थानिय खाद्य प्रणालीको स्वास्थ्यमा महत्वका सवल पक्षहरुका साथै उच्च प्रशोधित खानेकुराले स्वास्थ्यमा पार्ने नकारात्मक असरहरुका बारे नियमन र वकालत गर्न स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरि परिचानलन गरिनेछ।

- विद्यालय उमेरका बालबालिकाहरुलाई लक्षित गरी प्रशोधिन खाना (जंक फुड), अस्वस्थ पेय पदार्थ लगायतको प्रयोगमा दुरुत्साहन गर्नका लागि स्थानीय तहसँगको समन्वयमा विद्यालयहरुमा सचेतना कार्यक्रम संचालन र संचार माध्यममार्फत सचेतना अभियान संचालन गरिनेछ।

- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, स्थानीय तह र स्थानीय प्रशासनसँगको सहकार्यमा बजारमा उत्पादन तथा बेचबिखन हुने प्रशोधिन खाना (जंक फुड), अस्वस्थ पेय पदार्थहरुको नियमन गरिनेछ।

- सुनौलो हजार दिन (**Golden 1000 Days**) कार्यक्रमलाई थप प्रभावकारी बनाउन गर्भ पूर्वको अवस्थामा महिलाले फोलिक एसिड चक्कीको सेवा सम्बन्धी अध्ययन गरी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध गरिन्छ।

# जनसंख्यातर्फ

- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गरिनेछ।

- सीमान्तकृत एवं लोपोन्मुख जातिको संरक्षण र स्वास्थ्य सुरक्षा सम्बन्धी रणनीति तर्जुमा गरिनेछ।

- आन्तरिक बसाइँसराईको कारण र प्रभाव समबन्धी राष्ट्रिय सर्भेक्षण गरिनेछ।

- मानव संशाधन विकासका लागि विस्तृत कार्ययोजना बनाई जनसांख्यिक लाभांश (**Demographic Dividend)** को सदुपयोग सम्बन्धी रणनीति निर्माण गरिनेछ।

- विदेशी नागरिकहरुको आप्रवासन, तिनको संख्या र विशेषता समेतका आधारमा आप्रवासन प्रवृत्तिलाई नियमन गर्ने कार्ययोजना निर्माण गरिनेछ।

- जनसंख्या व्यवस्थापनका लागि विकासका साझेदार,सरकारी, विश्वविद्यालय, गैरसरकारी संस्था, निजी क्षेत्र, सहकारी र सामुदायिक संस्थाहरुको साझेदारी र सहकार्यलाई प्रवर्द्धन गर्ने रणनीति निर्माण गरिनेछ।

# अन्य विविध विषय

- बढ्दो र अब्यबस्थित शहरीकरण, नसर्ने रोगको भार, बसाई सराई, आर्थिक खोज, वदलिदो वातावरणिय जोखिम, फोहोर ब्यवस्थापन लगायतलाई मध्यनजर गर्दै शहरी स्वास्थ्य प्रणालीलाई सुदृढ गरी गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा विस्तार गर्न स्थानीय तह र प्रदेश सरकारसंगको समेत समन्वयमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र संचालन लगायत मार्फत शहरी स्वास्थ्य प्रणालीमा उल्लेख्य सुधार गर्ने ।

- **संघ र प्रदेशका तोकिएका अस्पतालहरुमा जलन व्यवस्थापन कक्षको स्थापना गरी जलनको आकस्मिक उपचार निःशुल्क गरिने छ। र जलन सम्वन्धी थप उपचारका लागि तोकिएका विशिष्ठिकृत अस्पतालहरुमा विपन्न नागरिकलाई निःशुल्क उपचार गरिनेछ।**

- **सम्पूर्ण नेपाली राष्ट्रिय खेलाडीहरुको शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा वार्षिक स्वास्थ्य परीक्षण निःशुल्क उपलव्ध गराइने छ।**

- **१०-१४ वर्षका सम्पूर्ण किशोरीहरुलाई निःशुल्क HPV खोपको व्यवस्था गरी यसै वर्ष खोप अभियान संचालन गरिनेछ। र हरेक वर्ष राष्ट्रिय खोप अभियान अन्तर्गत संचालन गरिनेछ।**

- **जनस्वास्थ्य सेवा ऐन, २०७५ को प्रावधान बमोजिम गरिब, असहाय, दुर्घटनामा परेका तथा वेवारिसे अवस्थामा फेला परेका र तत्काल उपचार नपाएमा जीवन जोखिममा पर्न सक्ने अवस्थाका बिरामीलाई उपचार गर्न आकस्मिक उपचार कोष स्थापना गरिनेछ।**

- कानुन बमोजिम राज्यको तीनै तहमा बिपद व्यवस्थापनका लागि व्यवस्था भएका **Rapid Response Team** लाई बिपदका बखत प्रभावकारी उद्दार र उपचारको सुनिश्चितता गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

# अन्य विविध विषय

- कानुन बमोजिम राज्यको तीनै तहमा बिपद व्यवस्थापनका लागि व्यवस्था भएका **Rapid Response Team** लाई बिपदका बखत प्रभावकारी उद्दार र उपचारको सुनिश्चितता गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।
- एम्बुलेन्स सेवालाई एकिकृत, सुलभ र सहज बनाउन राष्ट्रिय एम्बुलेन्स संजाललाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ।
- जलवायू परिवर्तन तथा विपदबाट सृजना हुने जनस्वास्थ्यका जोखिम र चुनौतीलाई सामना गर्न सरोकारवालासंगको समन्वयमा अनुसन्धानमा आधारित नीतिगत र संरचनागत व्यवस्था गरिनेछ।
- लामो तथा मध्यम दुरीका सार्वजनिक सवारी चालक एवं ट्राफिक प्रहरीलाई सरकारी स्वास्थ्य सेवा केन्द्र मार्फत आवधिक **Basic Life Support** को तालिम अनिवार्य गरिने छ।
- प्रदेश सरकार र स्थानीय तहसंगको सहकार्यमा विद्यालय नर्स कार्यक्रमलाई विस्तार गरिनेछ। निजी विद्यालयका संगठनहरूसंगको सहकार्यमा निजी विद्यालयमा समेत विद्यालय नर्सको अबधारणालाई लागु गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भुमिकालाई थप प्रभावकारी बनाउन र सनुदायमा आधारित अभियान संचालन गर्न स्थानीय तहसंगको समन्वयमा "सामुदायिक नर्स र समुदायमा महिला स्वयंसेविका कार्यक्रम" अगाडी वढाइनेछ।

# <u>अन्य विविध विषय</u>

- शिक्षक तथा स्थानीय तहका कर्मचारीलाई **Civil Hospital** मा समान स्तरको सुविधा उपलब्ध गराउनका लागि पहल गरिनेछ।

- शल्यक्रिया सेवा उपलब्ध भएका अस्पतालहरुमा **Blood Bank** को स्थापना गर्ने र बिरामीलाई आवश्यक रगत आन्तरिक रुपमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

- **Digital Health Portfolio** को अवधारणा बमोजिम समग्र स्वास्थ्य क्षेत्रको सूचनालाई एकिकृत गरेर कार्यन्वयनमा ल्याई स्वास्थ्य सेवा प्रभावकारी बनाउन **Integrated Health Management Information System (IHMIS)** विकास गरी कार्यान्वयनमा ल्याईनेछ । यसबाट छरिएर रहेका सूचनाहरु एकीकृत हुने, छुट्टाछुटै भन्दा एकीकृत प्रणाली अपनाउदा प्रशासनिक खर्च कम हुने तथा सूचना/तथ्यांकहरु बढी उपयोगमा ल्याउने।

- स्वास्थ्य क्षेत्रका विभिन्न तथ्यांकहरुलाई एकीकृत रुपमा विश्लेषण गरी तथ्यमा आधारित नीति निर्माण तथा योजना तर्जुमा गर्न स्वास्थ्य अनुसन्धान परिषदसंगको सहकार्यमा अलग्गै युनिट स्थापना गरिनेछ।

- जनस्वास्थ्यमा सरोकार राख्ने विषयहरुमा डिजिटल प्रविधि र सामाजिक सञ्जालको प्रयोग मार्फत समुदायसम्म सन्देश प्रवाह गरिनेछ।

- स्वास्थ्य संस्थामा अपाङ्गतामैत्री सेवा र अति अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको प्रकृति अनुसार सहज उपचारका लागि विशेष व्यवस्था गरिनेछ।

- निजी अस्पतालहरुले दिएको सेवाको प्रभावकारिता सम्बन्धमा आवश्यक समन्वय, सहजिकरण र नियमित र प्रभावकारी अनुगमन गरिनेछ ।

# हार्दिक धन्यवाद

**Government of Nepal**

**Ministry of Health and Population**